आज मिति २०७७ भदौ १० गते बुधबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति</u>:

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११. श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. मधुसुदन के.सी. | इन्जिनियर |
| १७. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |

## प्रस्तावहरु

प्र.नं.- १ वडा पूनर्संरचना प्रतिवेदन ।

प्र.नं.- २ कर्मचारी फिल्ड भत्ता कार्यविधि २०७७ ।

प्र. नं. -३ ग्रामिण सोलार खानेपानी परियोजना ।

प्र.नं. -४ सुरक्षित नागरिक आवास कार्यक्रम ।

प्र.नं. - ५ कन्सुलर प्रमाणिकरण अधिकारी तोक्ने ।

प्र.नं. - ६ जिल्ला दररेट विश्लेषण ।

प्र.न. ७ सडक गुरुयोजना ।

प्र.नं. - ८ वडास्तरिय खेलकुद विकास कार्यक्रम सम्बन्धमा ।

प्र.नं. - ९ आयुर्वेद औषधालय संचालन

प्र.नं. - १० नगरिक आरोग्य केन्द्र

## निर्णयहरु

**निर्णय नं १ :** प्रस्ताव नं १ मा छलफल मिति २०७७।४।१६ गते कार्यपालिकाको निर्णय बमोजिम शिक्षा अधिकृत शेरप्रसाद ढकाल ज्यूको अध्यक्षतामा गठित वडा पूनर्संरचना कार्यदलले स्थलगत निरीक्षण गरि पेश गरेको प्रतिवेदनलाई छलफल र सल्लाह र सुझावको लागि वडा अध्यक्ष ज्यूको नेतृत्वमा वडा वडामा गइ नागरिकहरुसंग मिति २०७७।०५।२० सम्म छलफल चलाउने निर्णय गरियो।।

**निर्णय नं २ :** प्रस्ताव नं २ मा छलफल गर्दा बिधान समिति संयोजक श्री दुर्गा बहादुर मल्ल ज्यूले पेश गर्नु भएको कर्मचारी फिल्ड भत्ता कार्यविधि २०७७ लाई परिमार्जनसहित सबर्सहमतिबाट निर्णय पारित गरियो ।

**निर्णय नं ३ :** प्रस्ताव नं ४ मा छलफल गर्दा दलित, असाहय, विपन्न र तुलनात्मक रुपमा एकल महिला भएका बस्तीहरु र खानेपानी पानीकोको बढी समस्या भएका तपसिलका टोलहरुमा बैकल्पिक उर्जा प्रबर्दन केन्द्रको ६० प्रतिशत ,दार्मागाउँपालिकाबाट २० प्रतिशत र समुदायबाट २० प्रतिशत लागत सहभागितातामा ग्रामिण सोलार खानेपानी परियोजना संचालनको लागि बैकल्पिक उर्जा प्रबर्दन केन्द्रमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

**निर्णय नं ४** : प्रस्ताव नं ४ मा छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि पहिलो संसोधन २०७५ बमोजिम अतिविपन्न गरिवीको रेखा मुनीरहेका र प्रकोपको कारण घरबारविहिन भएका साथै खर परालको छाना भएका आगो पानी आदीबाट असुरक्षित घरहरुको लगत संकलन गरि मिति २०७७ भदौ मसान्तसम्म पालिकामा प्रस्ताव दर्ता गर्ने / गराउने निर्णय गरियो ।

**निर्णय नं ५** : प्रस्ताव नं ५ मा छलफल गर्दा विदेश प्रयोजनार्थ प्रयोग हुने जन्मदर्ता,विवाह दर्ता, नाता प्रमाणित, सम्पति प्रमाणिकरण जस्ता कागजातहरु प्रमाणिकरण cosular गर्ने अधिकारीको रुपमा प्रशासन शाखा प्रमुख अधिकृत छैठौ नेमबहादुर खत्रीलाई सिफारिस गरि निजको डिजिटल दस्तखत नमुना पठाउने निर्णय गरियो ।

**निर्णय नं ६** : प्रस्ताव नं ६ मा यस छलफल गर्दा आ. ब . २०७७/०७८ को लागि सल्यान जिल्लाको जिल्ला दररेटलाई ( ढुङ्गाको बाहेक ) स्विकृत गरि सो बमोजिम ढुवानी जोडी गरिएको दर विश्लेषणलाई स्विकृत गर्न निर्णय गरियो ।साथै ढुङ्गाको दरलाई यस गाउँपालिकाको लागि ढुवानी बाहेक १४०० प्रति घ. मि. लाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७** : प्रस्ताव नं ७ मा आ.ब. २०७६/०७७ को स्विकृत योजना अनुसार STAR TRADE AND ENGINEERING PVT.LTD ले तयार पारेको दार्मा गाउँपालिका यातायात गुरुयोजना MTMT मा केही त्रुटी देखिन गएको तपसिलको विवरण अनुसार यातायात गुरुयोजना तयार गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८** : प्रस्ताव नं ८ मा छलफल गर्दा आर्थिक वर्ष २०७७।०७८ को स्विकृत वडास्तरिय खेलकुद विकास कार्यक्रमका लागि रु ३०००००।(तीन लाख मात्र ) विनियोजन भएको र कार्यान्वयनको लागि गाउँपालिकामा गठन भएका वा गठन भइ आउने यूवा क्लव तथा यूवा समुहहरुले तपसिल बमोजिम मापदण्ड पुर्याइ खेलकुद सामग्री मागको निवेदन माग गर्नको लागि प्रकाशन गर्ने निर्णय गरियो । साथै यूवा, शिक्षा तथा खेलकुद शाखाबाट खेलकुद सामग्रीहरु खरिद यूवा क्लव तथा समुहलाई वितरण गर्ने निर्णय गरियो ।

तपसिल

१. यूवा क्लव भएमा दर्ता प्रमाण - पत्र

२. यूवा समुहमा १६- ४० बर्ष उमेर समुहको मात्र प्रतिनिधित्व हुनुपर्ने छ ।

३.जनप्रतिनिधिको रोहबरमा खेलकुद समुह गठन गर्नुपर्ने छ ।

४.एउटा समुहमा कम्तिमा २५ जना हुनुपर्ने छ ।

५. वडा कार्यालयको सिफारिस

६. खेल क्षेत्र र आवश्यक सामग्री स्पष्ट खुलेको निवेदन ।

नि.नं. ९ - प्र. नं. ९ मा छलफल गर्दा यस दार्मा गाउँपालिकामा आयुर्वेद औषधालय स्थापना तथा संचालनको गर्न आवश्यक भएको हुदा तपसिल अनुसारको दरबन्दी स्विकृतको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिल

| क.स. | दरबन्दी | तह | दरबन्दीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कविराज / आयुर्वेद सहायक | सातौ/ छैठौ/ पाँचौ | १ | |
| २ | बैद्य | छैठौ/पाचौ / चौथो | १ | |
| ३ | पन्चकर्मा सहायक/ अभ्याङ्गकर्ता | श्रेणीविहिन | १ | |
| ४ | कार्यालय सहयोगी | श्रेणीविहिन | १ | |

नि.नं. ९ - प्र. नं. ९ मा छलफल गर्दा नागरिक आरोग्य केन्द्र दार्मा २ फापलाचौर.......... मा संचालन गर्नको लागि स्वास्थ्य सेवा कार्यालय सल्यानमा अनुरोध गर्ने निर्णय गरियो ।